# 'यो मन त मेरो नेपाली हो'लाई सान फ्रान्सिस्को इन्टरनेसनल न्यु कन्सेप्ट फिल्म फेस्टिभलमा अवार्ड




**हिमालय टाइम्स**
काठमाडौं, २८ कात्तिक

अमेरिकाको क्यालिफोर्निया राज्यको सान फ्रान्सिस्को शहरमा आयोजित 'सान फ्रान्सिस्को इन्टरनेसनल न्यु कन्सेप्ट फिल्म फेस्टिभल' मा नेपाली चलचित्र 'यो मन त मेरो नेपाली हो' ले अवार्ड जितेको छ। विश्वभरिबाट एक सय अठार फिल्म समावेश भएको उक्त अवार्डमा यस चलचित्रले एक्सिलेन्ट फिल्मको अवार्ड पाएको हो।

चलचित्रका निर्माता तथा निर्देशक मित्र प्रधान (नर)ले उक्त अवार्ड लिँदै नेपाली चलचित्र 'यो मन त मेरो नेपाली हो' ले अमेरिकामा एक्सिलेन्ट फिल्मको अवार्ड पाउनु आफैंमा ठूलो कुरा भएको र नेपाली चलचित्रका लागि यो खुसीको कुरा भएको बताउनुभयो। उहाँले आफ्नो कथा मन पराउनुभएकोमा सबै जुरीलाई धन्यवाद दिनुभएको थियो।

## सम्मान

चलचित्र 'यो मन त मेरो नेपाली हो' ले यसअघि बेलायतमा आयोजना भएको 'मिल्टन किन्स इन्टरनेसनल फिल्म फेस्टिभल २०२५' मा उत्कृष्ट सिनेमाटोग्राफीको अवार्ड जितेको थियो। यस चलचित्रलाई सौरभ लामाले खिच्नुभएको हो।

पद्मा ईश्वर इन्टरटेन्मेन्ट प्रालिको प्रस्तुतिमा मित्र प्रधान प्रस्तुतकर्ता रहेको यस चलचित्रलाई ज्ञानबहादुर प्रधान (रोशन)ले निर्माण गर्नुभएको हो। चलचित्रमा विजय बराल, रोशन श्रेष्ठ, विल्सनविक्रम राई, आयुशा समाल, बुद्धि तामाङ, नारायण खाती, भूपेन्द्र लिङ्देन 'मन्त्री' लगायतका कलाकारको अभिनय छ।

मित्र प्रधान (नर) को निर्देशन रहेको यस चलचित्रमा शिवम् अधिकारीको लेखन रहेको छ। यसमा सौरभ लामाको छायांकन, देव महर्जनको द्वन्द्व, समिर मियाको भिएफएक्स, कविराज गहतराज र प्रमोद भण्डारीको कोरियोग्राफी, बनिश शाहको सम्पादन तथा सिजिआई सत्यम रानाको छ।

# मानिस बाँच्ने नै कला, साहित्य, गीत र संगीतले हो : श्रवण मुकारुङ

**नेपाली साहित्य क्षेत्रमा बहुआयामिक व्यक्तित्व हुनुहुन्छ श्रवण मुकारुङ। कविका रूपमा ख्याति कमाउनुभएका उहाँ गीत, नाटक, निबन्ध लेखनमा पनि त्यत्तिकै सशक्त हस्ताक्षर हुनुहुन्छ। यतिबेला उपन्यास पाठकमाझ ल्याउने तयारीमा हुनुहुन्छ उहाँ। 'तिमी तारेभीर म त लहरा', 'बाटो हेरे हुन्छ आमा', 'माथि माथि सैलुंगेमा', 'सुन रे सियाराम !' जस्ता धेरै गीतमार्फत् श्रोता/दर्शकको मनमस्तिष्कमा राज गर्न सफल उहाँको चलचित्र 'गाउँ आएको बाटो'को 'राइ माइलाले गाउँ छोड्यो' निकै मन पराइएको छ। 'बिसे नगर्चीको बयान', 'जीवनको लय' 'हिउँको दरबार' जस्ता अन्य कविता, गीत, नाटक र निबन्ध पनि त्यत्तिकै ओजस्वीपूर्ण छन्। थुप्रै कृतिका सर्जक साहित्यकार श्रवण मुकारुङसँग हिमालय टाइम्सका लागि गीता अधिकारीले गर्नुभएको संवादको संक्षिप्त अंशः–**

- **यहाँको नयाँ के आउँदैछ पाठक, श्रोता र दर्शकका लागि ?**

यतिबेला म एउटा उपन्यासको तयारीमा छु। यो चाँडै नै पाठकका लागि आउँदैछ। यो मैले डेढ वर्ष लगाएर लेखेको उपन्यास हो। नेपालय पब्लिकेसनबाट आउँदैछ यो। पुसको अन्तिमतिर आउँछ होला। यस्तै कवितासंग्रहको पनि तयारी छ। अनि एउटा चलचित्रको स्क्रिप्ट पनि लेखिरहेको छु।

- **यहाँको नयाँ उपन्यासको विषयवस्तु के छ ? अलिकति पाठकलाई जानकारी गराउन मिल्छ ?**

मेरो पुरानै लेखन शैली जस्तो छ। कविता, नाटक, निबन्ध मैले जसरी लेख्दै आएको छु मेरो ध्येय त त्यही नै हो। सिमान्तीकरणको आवाज नै छ त्यसमा। मैले यही नै भन्न त मिल्दैन अहिले। प्रकाशकले फेरि मलाई खबरदारी गर्छन्। तर, मैले कवितामा जे कुरालाई लेख्छु तिनै कुराहरूलाई लिएर विधागत भिन्नतामा छ यो।

- **यति धेरै साहित्यका विधामा आफूलाई संलग्न गराउनुभएको छ, समय कसरी व्यवस्थापन गर्नुहुन्छ ?**

यहाँले भनेजस्तै म धेरै विधातिर आफूलाई संलग्न गराइरहेको छु। पछिल्लो समय चलचित्रका गीत पनि लेखी नै रहेको छु। साथीभाइहरूले अनुरोध गर्नुहुन्छ। 'गाउँ आएको बाटो' चलचित्रको 'राइ माइलाले गाउँ छोड्यो' निकै मन पराइयो। यस्तै अरू पनि छन्। फेरि मेरो काम पनि त यही हो। मेरो अरु पेशा छैन। म विगत तीस-चालिस वर्षदेखि यो क्षेत्रमा छु। म लेखनमै लागेँ। सुख दुःख यसैबाट सर्भाइब गर्ने, यसैलाई मैले आफ्नो कर्म बनाएर अघि बढिरहेको छु। मेरो लत पनि यसैमा बस्यो। त्यसैले पनि म आफूलाई जे मन लाग्छ र जे लेख्न लगाउँछ त्यो लेखी बस्छु।

- **धेरै विधामा कलम चलाउनुहुन्छ। बहुआयामिक व्यक्तित्व हुनुहुन्छ। कुन विधामा लेख्दा यहाँ बढी प्रफुल्लित भएको महसुस गर्नुहुन्छ ?**

म असाध्यै रमाउने भनेको कवितामा नै हो। सुरुदेखि नै मैले कविता लेखेँ। मलाई कविकै रूपमा पाठकले बढी चिनेको र मन पराएको पाउँछु। त्यसपछि मलाई दोस्रोमा गीत लेख्दा आनन्द आउँछ। अरू नाटक, निबन्ध सबै विधामा कलम चलाएको छु। जुनसुकै लेख्दा पनि आफूलाई सन्तुष्ट नभइकन त लेखिँदैन फेरि पनि बढी रुचिको विषय भनेको कविता, गीत रहेको छ। जे लेखे पनि सन्तुष्ट त भइन्छ। तर, तपाईंले सोध्नुभएको प्रश्नमा म कविता लेख्दा नै आफूलाई बढी खुलेको अनुभव गर्छु।

- **यहाँको लेखनको कुनै विशेष समय छ ?**

त्यस्तो कुनै निश्चित समय त छैन। लेखनका लागि 'मुड'ले पनि धेरै कुरा प्रभाव पार्छ। सायद एकान्तको समय भएर होला रातीको समयमा बढी संलग्न हुन्छु लेखनमा। बिहान चाँडै उठेर पनि लेख्ने गर्छु। तर, यही यतिबेलै भन्ने छैन। जति बेला मुड आउँछ र फुर्सद हुन्छ त्यतिबेला लेखन कार्य हुन्छ।

- **यति लामो समयदेखि नेपाली साहित्यको क्षेत्रमा यहाँ निरन्तर नदीजस्तै बगिरहनुभएको छ। यहाँका सुरुका दिन र अहिलेलाई कसरी सम्झिन चाहनुहुन्छ ?**



## संवाद

सुरुका दिनमा भन्दा यो क्षेत्रमा निकै धेरै परिवर्तन आएको छ। हामी जसको पढेर आयौं ती क्लासिक भइसके, पुराना भइसके। अब हामी नै पुराना हुने समय आइसक्यो। नयाँ पुस्ताले आफ्नो सशक्त उपस्थिति जनाइसक्यो। उसले नयाँ तरिका लिएर आइसक्यो। हाम्रो लेख्ने, सोच्ने तरिका, हाम्रो जीवनशैली नै परिवर्तन भएर आइसक्यो। जीवनशैली परिवर्तनसँगै समाज परिवर्तन, समाजको चेतनाको गति, समाजको स्वभाव, चरित्र परिवर्तन भइसकेपछि त्यसको प्रभाव स्वतः लेखन तथा सिर्जनामा पर्छ। कला, साहित्य, गीत संगीत सबैमा त्यसको प्रभाव पर्ने भइहाल्यो। अब अहिले नारायण गोपाल, भक्तराजका गीत सुन्न कम भयो नि, अहिले अर्कै टाइपका गीतहरू सुन्छन्। नयाँ आएका गायकहरूलाई त झण्डै हामी चिन्दैनौं पनि। हामी नै अलिकति पुरानो पुस्ता भइसक्यौं। एकदमै आमूल परिवर्तन छ, साहित्यमा पनि छ। शैलीगत भिन्नता, सोच्ने तरिकामा भिन्नता आइसकेको छ।

**म असाध्यै रमाउने भनेको कवितामा नै हो। सुरुदेखि नै मैले कविता लेखेँ। मलाई कविकै रूपमा पाठकले बढी चिनेको र मन पराएको पाउँछु। त्यसपछि मलाई गीत लेख्दा आनन्द आउँछ। अरू नाटक, निबन्ध सबै विधामा कलम चलाएको छु। जुनसुकै लेख्दा पनि आफूलाई सन्तुष्ट नभइकन त लेखिँदैन फेरि पनि बढी रुचिको विषय भनेको कविता, गीत रहेको छ। जे लेखे पनि सन्तुष्ट त भइन्छ। यतिबेला म एउटा उपन्यासको तयारीमा छु। यो चाँडै नै पाठकका लागि आउँदैछ। यो मैले डेढ वर्ष लगाएर लेखेको उपन्यास हो। नेपालय पब्लिकेसनबाट आउँदैछ यो। पुसको अन्तिमतिर आउँछ होला। यस्तै कवितासंग्रहको पनि तयारी छ। अनि एउटा चलचित्रको स्क्रिप्ट पनि लेखिरहेको छु।**

- **पछिल्लो समय साहित्यका पाठक पनि निकै कम भएको भनिन्छ नि, पढ्ने संस्कृतिमा ह्रास आउँदै गएको छ भन्ने गरिन्छ, यहाँ कस्तो पाउनुहुन्छ ?**

मलाई के लाग्छ भने माध्यमहरू फरक भएको हो। इबुक सुरु भएको छ। प्रविधिमैत्री भएको छ। नयाँ पुस्ताको हात-हातमा ल्यापटप र मोबाइल छ। उनीहरूले त्यसबाटै पढ्छन् होला। संसारकै चिज पढ्छन् होला। अहिले त झन् सजिलो भयो। हाम्रो पालोमा जस्तो एउटा विदेशी किताब पढ्न पर्‍यो भने कहाँको लाइब्रेरीमा पुगेर, धाएर पढ्नुपर्थ्यो। अब अहिले त तपाईंको इच्छा भयो भने तपाईंको हातमा त्यो सुविधा छ। यसरी उपभोग गरिरहेका होलान्। माध्यम परिवर्तन भएको हो भन्ने लाग्छ। यसो भएर बुकहरू पढ्ने संस्कृतिमा कमी आएको हो। तर, साहित्यको उपभोगबिना त कुनै पनि पुस्ताको मानिस बाँच्न सक्दैन। मानिस बाँच्ने नै कला, साहित्य, गीत र संगीतले हो। यसलाई उपभोग गर्ने माध्यम फरक भएको हो। इबुकको जमाना आयो। सुनेर ग्रहण गर्न थालियो। उपन्यास नै सुन्न थालियो। सिनेमामार्फत् पनि साहित्य ग्रहण गर्ने समय आयो।

- **नेपाली साहित्य, संस्कृतिप्रति अलिक रुचिचाहिँ कम भएको हो ?**

अन्तर्राष्ट्रिय कला, साहित्य, संस्कृतिले लोभ्याएको पनि छ पछिल्लो समय। शिक्षाको प्रणालीले यस्तो प्रभाव पार्दछ। नेपाली साहित्य, संस्कृतिप्रति अलिक रुचिचाहिँ कम भएको पक्कै हो। यसका लागि सरकारले पोलिसी बनाउनुपर्छ। शिक्षा नीतिहरूमा पोलिसी चेन्ज गर्नुपर्छ। नेपाली साहित्यमा हाम्रो कला संस्कृतिलाई कसरी पढाउने भन्ने विषयमा पोलिसी बनाउन आवश्यक देख्छु म।

- **साहित्य र जीवनलाई कसरी हेर्नुहुन्छ ?**

जीवनको एउटा प्रतिरूप नै हो भन्ने लाग्छ साहित्य त। लेखकले आफूले देखे भोगेका, महसुस गरेका कुरालाई लेख्छ, समाजलाई हेरेर लेख्छ। बाहिर समाजलाई हेरेर लेख्नु भनेको पनि अर्को जीवनलाई हेरेर लेख्नु नै हो। एउटा राम्रो कृतिले अर्को जीवनसँग साक्षात्कार गराउँछ। अर्को समाजसँग, अर्को समाजको दुःख, वेदना, संघर्ष, प्रेमसँग परिचित गराउँछ। यसकारण जीवन र साहित्य त एकअर्काको ऐना हो भन्ने लाग्छ।

- **सोसियल मिडिया कत्तिको हेर्नुहुन्छ, कत्तिको समय दिनुहुन्छ ?**

मलाई लेख्दालेख्दै अलिक बढी तनाव भयो भने म सामाजिक सञ्जाल हेर्न थाल्छु। मैले चलाउने भनेको फेसबुक हो। रिल्स, टिकटक पनि हेर्छु। रमाइलो पनि हुन्छ। मनोरञ्जन पनि हुन्छ। लेखनमा पनि कहिले ब्रेक लाग्यो जस्तो हुन्छ। तर, त्यसैबाट पनि कति ज्ञान प्राप्त हुन्छ। तिनीहरू पनि कलाकै एउटा पाटोमा आइरहेको हुन्छ। देख्न सक्नुपर्छ त्यहाँ कविता पनि हुन्छ, गीत पनि हुन्छ। हँसीमजाक, ठट्टा, रमाइलो, सुख-दुःख सबै हुन्छ। हाम्रै जीवनका कुराहरू पोष्ट गरिएको हुन्छ। हेर्छु म।

- **जीवनलाई कसरी हेर्नुहुन्छ ?**

जीवन यात्रा नै हो। यो पृथ्वीमा एकपल्ट पाउने चोला हो। एउटा आयु। प्रकृतिमा अरू चिजहरू भए जस्तै बोटबिरुवा, जीवजन्तु, प्राणीहरू जो छन् उनीहरूको आयु जो छ त्यस्तै मानिसको पनि एउटा आयु हुन्छ। आयुभरि बाँच्नका लागि एउटा वनस्पतिले जति संघर्ष गर्छ पृथ्वीमा उम्रिएर, एउटा अम्बा, सुन्तलाको बोटले फुलेर, फक्रिएर, फलेर छर्नका लागि जति संघर्ष गरेको हुन्छ, एउटा चराले जति संघर्ष गर्छ, एउटा जीवले जति संघर्ष गर्छ हामीले पनि त्यति नै संघर्ष गर्नुपर्छ। एकदिन हामी सबै मरेर जान्छौं। यदि ईश्वर छ भने ईश्वरले हामीलाई दिएको पुरस्कार हो यो।

- **अन्त्यमा ?**

हाम्रो देश यतिबेला राजनीतिकरूपमा एकदमै उतार-चढाव, तरल समयबाट ग्रुजिरहेको छ। तर, यो राम्रोका लागि हुन्छ भन्छ। भनिन्छ हरेक चिज जे हुन्छ त्यो राम्रोका लागि हुन्छ। हाम्रोमा पनि जेन-जीहरूको जुन मुभमेन्ट भयो, मानिसहरूले आफ्नो ज्यान दिए। ठूलै जनधनको क्षति भयो। यसले हामी सन्त्रासमै छौं अहिले पनि। तर, मलाई आशा छ, विश्वास छ यसले हाम्रो देशलाई अझ अगाडि लान्छ। अझ गतिमय बनाउँछ। अझ सही ट्र्याकमा लान्छ। अझ लोकतन्त्र बलियो भएर जान्छ भन्ने लाग्छ। मलाई, एउटा कविलाई लागेको कुरा भनेको हुँ।

# छायांकनमा लामो समयदेखि प्रयोग हुँदै आएको सोनी इ-एक्स-थ्री क्यामेरा बोर्डलाई हस्तान्तरण

**हिमालय टाइम्स**
काठमाडौं, २८ कात्तिक

नेपाली चलचित्र छायांकनमा लामो समयदेखि प्रयोग हुँदै आएको सोनी इ-एक्स-थ्री क्यामेरा क्लासिक सिने युनिभर्स प्रालिले औपचारिकरूपमा चलचित्र विकास बोर्डलाई हस्तान्तरण गरेको छ। 'दुलही, सौर्य, हात लाग्यो शून्य, कसम, नमस्ते' लगायतका धेरै चर्चित नेपाली चलचित्रको छायांकनमा प्रयोग भएको यो क्यामेरा नेपाली चलचित्र छायांकनको प्राविधिक इतिहासमा महत्त्वपूर्ण उपकरण मानिन्छ।

२०५७ साल कात्तिकमा स्थापना भएको क्लासिक सिने युनिभर्सले २५ वर्ष पूरा गरेको अवसरमा संस्थाका सञ्चालक दिनेशसिंह



महराले बोर्डका अध्यक्ष दिनेश डिसीलाई क्यामेरा हस्तान्तरण गर्नुभएको हो। कार्यक्रममा क्लासिक सिने युनिभर्सका चेयरम्यान दिनेशसिंह महरा, छायांकन तथा निर्माण डिजाइनर प्रकाश हमाललगायतको उपस्थिति रहेको थियो।

## प्राविधिक इतिहास

चलचित्र विकास बोर्डका अनुसार यो क्यामेरा अब निर्माणाधीन चलचित्र संग्रहालयमा राखिनेछ। संग्रहालयले नेपाली चलचित्र छायांकनको विकास यात्रा, प्रविधिको परिवर्तन तथा छायांकन उपकरणको ऐतिहासिक भूमिकालाई दर्शकसमक्ष प्रस्तुत गर्ने लक्ष्य राखेको छ।

चलचित्र विकास बोर्डले नेपाली चलचित्रको संरक्षण, प्रवर्द्धन तथा विकासका कार्यलाई निरन्तर अघि बढाइरहने प्रतिबद्धतासमेत व्यक्त गरेको छ।

# 'पेनिबा' विमोचन

**हिमालय टाइम्स**
काठमाडौं, २८ कात्तिक

युवा कथाकार सुरेश यक्सोद्वारा लिखित कथाकृति 'पेनिबा' विमोचन गरिएको छ। मैयुङट्याम्के साल्पा सिलिचुङ पर्यटन प्रवर्द्धन केन्द्र सभ्यता अन्वेषण केन्द्रद्वारा काठमाडौंमा आयोजित कार्यक्रममा उक्त कथासंग्रह सार्वजनिक गरिएको हो।

सो अवसरमा नेपाल प्रज्ञा-प्रतिष्ठानका पूर्वकुलपति तिलविक्रम नेम्बाङ (वैरागी काइँला)ले 'पेनिबा' आधुनिक नेपाली समाज र प्रवासी नेपालीको जीवन भोगाइको सशक्त प्रतिबिम्ब भएको बताउनुभयो। 'सुरेश यक्सो केवल कथाकारमात्र होइन, उहाँ कवि र साहित्यिक अभियन्ता पनि हुनुहुन्छ। उहाँका कथाहरू सरल भाषामा लेखिएका छन् तर ती कथाभित्र गहिरा भावना, संवेदना र मनोविज्ञान बगिरहेका हुन्छन्,' उहाँले भन्नुभयो। पूर्वकुलपति नेम्वाङले धनकुटाको पहाडी भूगोल र जनजीवनसँग जोडिएको यक्सोको लेखनशैली नेपाली साहित्यमा मौलिक पहिचानका रूपमा स्थापित हुँदै गएको धारणा राख्नुभयो।

कार्यक्रममा नेपाल प्रहरीका निवर्तमान महानिरीक्षक चन्द्रकुवेर खापुङले 'पेनिबा' नेपाली समाजको पहिचान र विविधताको दर्पण भएको बताउनुभयो। 'पेनिबाले नेपालीपनलाई पुनः अनुभूति गराउँछ। पेनिबा केवल मनोरञ्जनका लागि लेखिएको कथा होइन, यो हाम्रो समाजको आत्मपरक कथा हो,' उहाँले भन्नुभयो।

प्राज्ञ तथा वरिष्ठ कवि श्रवण मुकारुङले कथाकार सुरेश यक्सो नेपाली साहित्य क्षेत्रका उदीयमान र बहुप्रतिभाशाली युवा कथाकार भएको बताउनुभयो। 'पेनिबाले नेपाली साहित्यसहित देश-विदेशको परिवेश झल्काएको छ,' उहाँले भन्नुभयो।

सभ्यता अन्वेषण केन्द्रका अध्यक्ष शशी सुलुम्बुले कथाकार सुरेश यक्सोजस्ता नेपाली साहित्यमा नयाँ पुस्ताको योगदान महत्त्वपूर्ण रहेको बताउनुभयो। उहाँले यस्ता सिर्जनात्मक प्रयासले नेपाली कथालेखनलाई नयाँ दिशातर्फ




## पुस्तक

त्यसैगरी, लेखक तथा समालोचक डा. तुलसी गौतम र कवि तथा कथाकार विना थिङले उक्त कृतिको विषयवस्तु, शैली र संरचना सम्बन्धमा टिप्पणी गर्दै लेखकको सिर्जनशीलतालाई उच्च मूल्यांकन गर्नुभएको थियो। उहाँहरूले 'पेनिबा' मा प्रेम, पीडा, संघर्ष र पहिचानको खोजजस्ता विषयलाई सशक्तरूपमा प्रस्तुत गरिएको बताउनुभयो। डोऱ्याउने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा सांस्कृतिक विविधता झल्काउने च्याब्रुङ नृत्यसमेत प्रस्तुत गरिएको थियो। विमोचन समारोहमा साहित्य, कला, संस्कृति, शिक्षा र सुरक्षा क्षेत्रका प्रतिष्ठित व्यक्तिहरूको उपस्थिति रहेको थियो।

**नमोबुद्ध नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
भकुण्डेवेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

**बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशन मितिः २०८२/०७/२९ गते**

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार तपशिल बमोजिमको सामाग्रीको सप्लाई तथा डेलिभरी कार्य गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र e-bid मार्फत बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। विस्तृत विवरण सहितको सूचनाको लागि www.bolpatra.gov.np/egp, तथा यस कार्यालयको वेबसाईट www.namobuddhamun.gov.np मा हेर्न सकिनेछ।

**तपशिल**

| ठेक्का नं. | कार्यको विवरण | धरौटी रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|
| NMUN/NCB/GOODS/ 2082/083-02 | Supply and Delivery of Stationary Goods | रु. ९५,०००।०० | रु. ३,०००।०० |

**बैङ्क खाताको विवरणः**
Name of the Bank: Rastriya Banijya Bank Ltd., Bhakundebesi Branch
Office Name: Namobuddha Municipality Office
Office Code: 801032602
Rajaswa (revenue) account no (for bid fee): **Ga-1-1-1540100301010002**
Dharauti Account No. (For Bid Security): **Ga-3-1540100303000002**

**प्रमुख प्रशासकीय अधिकृत**

**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस कम्पनीले पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मुल्य (MRP) निम्न वमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

| सि.न. | मालवस्तुको विवरण | ब्राण्ड | मोडेल | क्षमता | उत्पतिको मुलुक | इकाइ | प्रति इकाइ मुल्य | अधिकतम खुद्रा विक्री मुल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | MOTORCYCLE | CROSSFIRE | CROSSFIRE RMZ 250 | 248.4 CC | CHINA | 1 | 8,59,000.00 | 8,59,000.00 |
| 2 | EV SCOOTER | GAROW | DT-53 | 3000W | CHINA | 1 | 3,85,000.00 | 3,85,000.00 |

**विक्रेता फर्मको नामः क्लासिक व्हिल्स एक्स्पोर्ट एण्ड इम्पोर्ट प्रा.लि.**
**ठेगाना : चक्रपथ, महाराजगंज, काठमाण्डौ,नेपाल**
**एक्जीम कोड न. ६०३४९४९५००११९NP**
**फोन न. ०१-४०१६०६२**